नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
मानव बेचबिखन अनुसन्धान ब्यूरो
(अ.अ. तथा कारवाही शाखा)
फोन: ०१-५३३९५६९, ०१-४२३९७६३
बबरमहल, काठमाण्डौ

पत्र संख्या:०७८/०७९ च.नं. मिति: २०७८/०५/०९ गते

प्रा.प.सं. :

**बिषय:- <u>दुबई गएर पैसा कमाउ अनि बिबाह गरौंला भनि दुबई पुऱ्याई बेचबिखन।</u>**

**केशको बिबरण :-**

प्रतिबादी मधु श्रेष्ठले जाहेरवाली परिवर्तीत नाम २६ बबरमहल(ग) लाई मेरो श्रीमती संग राम्रो सम्बन्ध छैन, तिमी संग बिबाह गर्छु भनि काठमाण्डौंको गेष्ट हाउसमा ३ दिन सम्म बस्न लगाई जबरजस्ती यौन सम्बन्ध राखि पुन: का.जि.मनमैजु स्थित मधु श्रेष्ठको फ्ल्याटमा बसेपछि अब तिमी दुबई गएर पैसा कमाएर आउ अनि हामी बिबाह गरौंला भनि जाहेरवालीसंग नगद रु.१३००००।– लिई मिति २०७७/७/२५ गते दुबई पठाई दुबई स्थित अरबिको घरमा पुऱ्याएकोमा अरबिले तलाई मैले १५००० दिराममा किनेको हो भनि बलात्कार गर्न खोज्ने, तलब समेत नदिई काममा लगाई कुटपीट गरी शारीरिक तथा मानसिक यातना दिई राखेको अवस्थामा जाहेरवाली भागी दुबई स्थित NRN संस्थामा पुगी सो संस्थाको सहयोगमा अरबि घर धनीलाई १५००० दिराम तथा मुद्दा गर्दाको १४०० दिराम समेत तिरी मिति २०७८/०३/०९ गते जाहेरवाली नेपाल फर्किई हाल माईती नेपालको संरक्षणमा बसेको घटनामा मिति २०७८/०४/१४ गते यस कार्यालयमा जाहेरी दरखास्त दिए पश्चात मिति २०७८/०४/१७ गते प्रतिबादी मधु श्रेष्ठलाई पक्राउ गरी अनुसन्धान कार्य पुरा गरी काठमाण्डौं जिल्ला अदालतमा पेश गरिएकोमा मिति २०७८/०५/०९ गतेको आदेशले कारागार कार्यालय जगन्नाथदेवल सुन्धारा काठमाण्डौंमा थुनामा गएको ।

**पक्राउ अभियुक्तको विवरण :-**

जिल्ला अर्घाखाँची साबिक नुवाकोट गा.बि.स.वडा नं. १ हाल भुमिकास्थान न.पा.वडा नं. ७ स्थायी वतन भई हाल का.जि.तारकेश्वर न.पा.वडा नं. ९ बस्ने बर्ष ३३ को मधु श्रेष्ठ।

**कानुनी प्रावधान:-**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ अनुसार अनुसन्धान कारवाही भएको।

**थप जानकारीको लागी**

सूचना अधिकारी : प्र.ना.उ. अन्जना श्रेष्ठ ( ९८५१२८११८३ )

मिति:-२०७८/०५/०९ गते।